annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २३९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १९ पुस २०८१ | पौष शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | FRIDAY, JANUARY 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# मन्त्रिपरिषद्मा अड्कियो कार्यविधि, चिसोले कठ्याङ्ग्रिँदै भूकम्पपीडित



मध्य पुस, कठ्याङ्ग्रिँदो चिसो। त्यसमाथि टहराको बसाई। गर्भवती, सुत्केरी, बालबालिका र ज्येष्ठ नागरिकलाई कसरी जोगाउने ? यही चिन्तामा पिरोलिएका छन, भूकम्पपीडित। हुन त, प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद् बैठकको निर्णय थियो- जाजरकोटमा भूकम्पपछिको पुनर्निर्माणको कामलाई अघि बढाउने। तर, ६ महिना भयो, पुनर्निर्माणको प्रक्रिया नै सुरु भएको छैन। यसैकारण, भूकम्प गएको १४ महिनासम्म पनि पीडितको पुनर्स्थापना र पुनर्निर्माण भएको छैन।

राजेन्द्र कार्की | जाजरकोट को रिपोर्ट

समाचार पृष्ठ २

जाजरकोट भेरी नगरपालिका-१ रिम्नाका भूकम्पपीडित एक वर्षदेखि टहरमा। ● राजेन्द्र कार्की

## प्रथम महिला राजदूत विन्देश्वरी शाहको निधन



**राधा खनाल** | *काठमाडौं*

मुलुकको कूटनीतिक इतिहासकी धरोहर तथा पहिलो महिला राजदूत विन्देश्वरी शाहको बिहीबार ९२ वर्षको उमेरमा निधन भएको छ। वि.सं १९९० यता विदेशस्थित नेपालका ३३ कूटनीतिक नियोगमा करिब डेढ सय बढीले राजदूतको जिम्मेवारी प्राप्त गरिसकेका छन्। तीमध्ये 'पहिलो नेपाली महिला राजदूत' का रूपमा विन्देश्वरी शाहको नाम इतिहासमै उल्लेख छ। पहिलोपटक अमेरिका पुग्ने नेपाली भनेर चिनिने पद्मसुन्दर मल्लकी छोरी हुन् विन्देश्वरी।


परराष्ट्र मन्त्रालयकी प्रथम महिला अतिरिक्त सचिवबाट अवकाश पाएकी शाहको निधन भएको परिवारका सदस्यले जानकारी दिएका छन्। शाहले विद्यालय शिक्षा भारतको दार्जिलिङस्थित सेन्ट हेलेन्स कन्भेन्ट स्कुलबाट गरेकी थिइन्। उनले सोही स्कुलबाट सिनियर क्याम्ब्रिज कोर्स पनि पूरा गरिन्। शाह अमेरिका (कोलम्बिया युनिभर्सिटी) बाट स्नातक गर्ने पहिलो नेपाली महिला पनि हुन्। सन् १९५८ मा जोन्स हप्किन्स युनिभर्सिटीबाट अन्तर्राष्ट्रिय राजनीतिमा डिग्री पूरा गरेपछि अमेरिकाबाट स्नातकोत्तर गर्ने पहिलो नेपाली महिला पनि थिइन्।

'न्युयोर्क हेराल्ड ट्रिब्युन' को तर्फबाट अमेरिका जाने सूचीमा छनोट हुनु, अमेरिकी राष्ट्रपतिसँग भेट गर्ने पहिलो नेपाली महिला, लाइब्रेरियन विज्ञान अध्ययन, प्रतिष्ठित अमेरिकी विश्वविद्यालयबाट डिग्री हासिल र नेपाल फर्केर राष्ट्रिय पुस्तकालयमा लाइब्रेरियन बनेर नेपालको लाइब्रेरीलाई व्यवस्थित बनाउन पहल गर्ने एक प्रतिभाशाली महिलाका रूपमा शाह चिनिएकी थिइन्।

» बाँकी पृष्ठ ३

# दैनिक १० बढी भूकम्प, अधिकांश बेखबर

**दिनेश गौतम** | *काठमाडौं*



के तपाईंलाई थाहा छ, नेपालमा औसत दैनिक कतिपटक भूकम्प/पराकम्प जान्छ ? राष्ट्रिय भूकम्पमापन तथा अनुसन्धान केन्द्र भन्छ, 'दैनिक सानातिना नयाँ भूकम्प वा पराकम्प १० देखि १२ पटक जान्छ। धेरैले थाहै पाउँदैनन्।'

सामान्यतया: भूकम्प जति नजिक र कम गहिराइ तथा ठूलो मानको गयो त्यति नै बढी जमिन हल्लिन्छ। सोही अनुपातमा क्षतिको सम्भावना हुन्छ। राष्ट्रिय भूकम्पमापन तथा अनुसन्धान केन्द्रकी उपमहानिर्देशक मोनिका झाका अनुसार, चार म्याग्निच्युडभन्दा बढीको भूकम्प गएमा मात्र सर्वसाधारणमा उत्सुकता जाग्छ। सामाजिक सञ्जालतिर पनि हल्लीखल्ली हुन्छ।

'दिनहुँ औसत १० देखि १२ पटक ससाना भूकम्प/पराकम्प गइरहेको हुन्छ,' प्रवक्ता झाले भनिन्, 'चार म्याग्निच्युड वा सोभन्दा बढीको भूकम्प/पराकम्पको जानकारी छिटो दिने प्रयासमा हुन्छौं।' सिन्धुपाल्चोक जिल्लाको माझीटार केन्द्रबिन्दु भएर बिहीबार दिउँसो १ बजेर २ मिनेट जाँदा ४ दशमलव ८ म्याग्निच्युडको भूकम्प जानेबित्तिकै हल्लीखल्ली भयो। भूकम्पको धक्का महसुस सिन्धुपाल्चोक आसपासका जिल्ला र काठमाडौं उपत्यकामा भएको थियो। माझीटारमा गएको भूकम्पलाई गोरखा जिल्लामा गएको भूकम्पको पराकम्पन भएको भूकम्पमापन केन्द्रले जनाएको छ। २०७२ वैशाख १२ गते गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर ७ दशमलव ८ म्याग्निच्युडको भूकम्प गएको थियो। ठूलो भूकम्पपछि पराकम्पनहरू जानु स्वाभाविक भएको भूकम्पविद्हरू बताउँछन्। 'कुनै स्थानमा ठूलो भूकम्प गएपछि अन्य साना भूकम्प जान सक्छन्।

ती भूकम्पहरूलाई पराकम्पन भनिन्छ। सामान्यतया: जति ठूलो भूकम्प गयो सोही तुलनामा धेरै र लामो समयसम्म परकम्प जाने गर्दछन्,' केन्द्रकी प्रवक्तासमेत रहेकी झाले भनिन्, 'पछिल्लो समय नयाँ र पुराना भूकम्प/पराकम्पनहरू गएका छन्। सिन्धुपाल्चोकको माझीटार केन्द्रबिन्दु भएको पराकम्पन हो।' भूकम्पविद्का अनुसार, भौगर्भिक दरार वा कमजोर सतहमा तल माथि वा दायाँबायाँ रहेका चट्टानका खण्डहरूविपरीत दिशातिर विस्थापन हुँदा भूकम्प जान्छ। इन्डियन प्लेट र युरेसियन प्लेटको टकरावको क्षेत्रमा परेकाले नेपाल उच्च भूकम्पीय जोखिम क्षेत्र बन्न पुगेको छ। भूकम्पको केन्द्रबिन्दु (दूरी), उद्गम विन्दु (गहिराइ), दरारको दिशा, भौगर्भिक बनावटलगायतका कारणले अधिकांशले ससाना भूकम्प/पराकम्प थाहा नै नपाउने भूकम्पविद्हरू बताउँछन्।

**सम्भाव्य जोखिममा पश्चिमक्षेत्र**

भूकम्प एक भौगर्भिक प्रक्रिया हो। भौगोलिक रूपमा विगत करिब पाँच सय वर्षदेखि पश्चिम नेपालमा (गोरखादेखि सुदूरपश्चिमसम्म) ठूला तथा महाभूकम्पहरू गएका छैनन्। २०८० असोज १६ गते जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रबिन्दु बनाएर ६ दशमलव ३ म्याग्निच्युडको भूकम्प गएको थियो।

» बाँकी पृष्ठ ३

## सिरियाली सेनाद्वारा होम्स सहरमा घेराबन्दी

**दमासकस** (एजेन्सी): सिरियाली सुरक्षा बलले अपदस्थ राष्ट्रपति बशर अल असदको अलावी अल्पसंख्यक समुदायको बसोबास रहेको दुई जिल्लालाई लक्षित गरी होम्स सहरमा अभियान सञ्चालन गरिरहेको सरकारी सञ्चारमाध्यमले बिहीबार जनाएका छन्।

एक सुरक्षा अधिकारीलाई उद्धृत गर्दै सरकारी समाचार संस्था सानाले भनेको छ, 'गृह मन्त्रालयले मिलिटरी अपरेसन डिपार्टमेन्टसँगको सहकार्यमा होम्स सहरको आसपासमा व्यापक स्तरको खोजी अभियान सुरु गरेको छ।'

सानाका अनुसार ती निशानामा आफ्ना हातहतियार हस्तान्तरण गर्न इन्कार गरेका र बस्ती केन्द्रहरूमा जान इन्कार गरेका र 'गोलाबारुद र हतियारहरू पनि लुकाएका' युद्ध अपराधमा संलग्न व्यक्ति रहेका छन्।

सानाले पछि एक सैन्य अधिकारीलाई उद्धृत गर्दै असदको लडाकुका अवशेष अझै पनि होम्सको विभिन्न भागहरूमा रहेका उल्लेख गरेको छ। विद्रोहीले गत महिना असदलाई सत्ताच्युत गरेपछि संक्रमणकालीन सरकारले पूर्वसैनिकको नाम दर्ता गर्दै उनीहरूलाई हतियार त्याग्न आग्रह गर्दै आएको छ।

# कांग्रेससँग सहकार्यको समीक्षा गर्दै एमाले

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



सत्तासीन एमालेले कांग्रेससँगको ६ महिने राजनीतिक सहकार्यको समीक्षा गर्ने भएको छ। पुस २१ र २२ गते बस्ने केन्द्रीय समितिको बैठकमा एमालेले आफूसँगै प्रतिस्पर्धी दल कांग्रेससँग सरकार सञ्चालनमा भएको सहकार्य सम्बन्धमा समीक्षा गर्न लागेको हो। केन्द्रीय समितिमा प्रस्तुत गर्ने गरी एमाले अध्यक्ष केपी शर्मा ओलीले पछिल्लो राजनीतिक अवस्थाको समीक्षाका लागि प्रस्ताव तयार गरेका छन्। त्यो प्रस्तावसहितको ओलीको राजनीतिक प्रतिवेदन बिहीबार सचिवालय बैठकमा छलफल गरी पारित गरिएको छ। अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन केन्द्रीय कमिटीमा प्रस्तुत हुने उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए। प्रतिवेदनमा कांग्रेससँगको गठबन्धनको औचित्य, आवश्यकता, अवसर र चुनौती विषय उल्लेख गरिएका छन्।

उपमहासचिव ज्ञवालीले केन्द्रीय कमिटीमा प्रस्तुत हुने प्रतिवेदनका विषयमा सचिवालय बैठकमा छलफल गरिएको जानकारी दिए। ज्ञवालीले भने, 'केन्द्रीय कमिटीका लागि तयार पारिएको मुख्य प्रतिवेदनमा छलफल भयो र अध्यक्षको तर्फबाट तयार गरिएको प्रतिवेदन केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने निर्णय गरेको छ।' अध्यक्ष ओलीको प्रतिवेदनमा अन्तर्राष्ट्रिय परिस्थितिको समेत विश्लेषण गरिएको उनले जानकारी दिए।

**कांग्रेसको सहकार्य : महत्वपूर्ण तर अपर्याप्त**

एमाले सचिवालय बैठकले कांग्रेससँग ६ महिनाको सहकार्य महत्वपूर्ण रहेको निश्कर्ष निकालेको छ। तर, गठबन्धन सरकारले गरिरहेका काम पर्याप्त नभएको ठहर गरेको छ । सरकारका काममा तीव्रता दिनुपर्ने सुझाव पनि एमालेले दिएको छ। बैठकपछि एमाले उपमहासचिव ज्ञवालीले सरकारले गरिरहेका काम पर्याप्त नभएको निश्कर्ष पार्टीको रहेको बताए। उनले भने, 'सरकारले गरिरहेका काम पर्याप्त छैनन्, सरकारले अझ बढी कामलाई तीव्रता दिनुपर्छ।' उपमहासचिव ज्ञवालीले दुई प्रमुख दल कांग्रेस, एमाले र अन्य साना पार्टी मिलेर बनेको शक्तिशाली सरकारलाई अझ बढी डेलिभरी गर्न सुझाव दिइएको बताए।

उनले पछिल्लो ६ महिनामा सरकारले उल्लेख्य काम गरेको पनि बताए। केही महत्वपूर्ण उपलब्धि हासिल गरेको एमालेको निश्कर्ष छ। तर, धेरै काम गर्न बाँकी रहेको पनि विश्लेषण छ। सेवा प्रवाहको क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको छ। विकास निर्माण, अर्थतन्त्रलाई अझ लयमा ल्याउने पाटोमा सरकारले अझ बढी ध्यान केन्द्रित गर्नुपर्ने एमालेको निश्कर्ष छ।

सचिवालय बैठकमा सरकारका ठोस कामका सम्बन्धमा छलफल भएको थियो। उपमहासचिव ज्ञवालीले सरकारको बनेको पहिलो दिन नै २२ सदस्यीय मन्त्रिपरिषद् गठन, कांग्रेस-एमालेका बीचमा राजनीतिक संयन्त्र गठन गरेर राजनीतिक स्थायित्वको विश्वास दिलाउने काम भएको बताए।

राजनीतिक संयन्त्र अन्तर्गत कार्यदल बनाएर सरकारले गर्नुपर्ने कामका ९ वटा क्षेत्र किटान भएको उनले जानकारी दिए। 'संविधान संशोधन, संघीयताको कार्यान्वयन, संसद्मा विचाराधीन विधेयकहरू छिटो टुंग्याउनेलगायत ९ वटा क्षेत्र किटान भएका छन्,' उनले भने, 'यी विषयहरूमा दुई दलका बीचमा विश्वासको वातावरण बनाएर स्थिरताको विश्वास दिलाउन सकेको छ।'

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित, राजस्व १७ प्रतिशत वृद्धि, लगानी वृद्धिलगायत देखिने काम पनि सरकारले गरेको निश्कर्ष एमालेको छ। उपमहासचिव ज्ञवालीले संक्रमणकालीन न्यायसम्बन्धि विधेयक सर्वसहमतिले पारित भएको र आयोग बन्न अलिकति ढिलाइ मात्रै भएको स्पष्ट पारे। उनले सहकारी ठगीको विषयमा पनि काम भइरहेको बताए। उनले सहकारी बचतकर्ताको रकम फिर्ता भइरहेको पनि जानकारी दिए। 'सहकारी क्षेत्रमा ६ हजार बचतकर्ताहरूको सबै रकम १ अर्ब ५७ करोड फिर्ता गरेको छ। ८ हजार बचतकर्ताको आंशिक फिर्ता गरेको छ,' उनले भने।

**रावलका आरोप कपी पेस्ट मात्रै**

**निश्का**सित नेता भीम रावलले पार्टी अध्यक्ष ओलीमाथि लगाएका आरोप प्रचण्डले नेकपा कालमा लगाएका १९ बुँदे अभियोगको कपी पेस्टमात्र भएको एमालेको दाबी छ। उपमहासचिव ज्ञवालीले रावलको अभिव्यक्ति खण्डन योग्य पनि नभएको बताए।

» बाँकी पृष्ठ ५